# संघीय संसद
# प्रतिनिधि सभा
चौथो अधिवेशन
## बैठक संख्या - ५२
## सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७६ साल भदौ १० गते मंगलबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री कृष्ण बहादुर महराको अध्यक्षतामा दिनको ३:१० बजे प्रारम्भ भयो ।

सर्वप्रथम बैठकको प्रारम्भमै मा० श्री बालकृष्ण खांणले नेपाल सरकारको मन्त्रिपरिषद्को बैठक भिडियो कन्फरेन्स मार्फत सञ्चालन हुनु ठीक नभएको, यसबाट नेपाल सरकारको गोप्य सूचनाहरु समेत बाहिरिन सक्ने लगायतका विषयमा ध्यानाकर्षण गराउनु भयो ।

प्रारम्भ भएको शून्य समयमा निम्नलिखित मा० सदस्यहरुले विविध समसामयिक विषयहरुमा आ-आफ्नो भनाई राख्नुभयो :-

१. मा० श्री बिमला नेपाली
२. मा० श्री बिमला बि.क.
३. मा० श्री भरत कुमार शाह
४. मा० श्री भिमसेनदास प्रधान
५. मा० श्री मिना सुब्बा
६. मा० श्री मैना कुमारी भण्डारी
७. मा० श्री यज्ञबहादुर बोगटी
८. मा० श्री यशोदा गुरुङ सुवेदी
९. मा० श्री राजेन्द्र कुमार के.सी.
१०. मा० श्री राजेन्द्र कुमार राई
११. मा० श्री राजेन्द्र प्राद गौतम
१२. मा० श्री रामबहादुर विष्ट
१३. मा० श्री रामेश्वर राय यादव
१४. मा० श्री रेखा कुमारी
१५. मा० श्री रेखा शर्मा
१६. मा० श्री रेनुका गुरुङ्ग
१७. मा० श्री लक्ष्मणलाल कर्ण

तदुपरान्त मा० शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री श्री गिरिराजमणि पोखरेलले "मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय विधेयक, २०७६ लाई दफावार छलफलको लागि सम्बन्धित समितिमा पठाइयोस्" भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तत्पश्चात मा० अर्थ मन्त्री डा० युवराज खतिवडाले "नागरिक लगानी कोष (दोस्रो संशोधन) विधेयक, २०७५ लाई दफावार छलफलको लागि सम्बन्धित समितिमा पठाइयोस्" भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

त्यसपछि मा० गृह मन्त्री श्री रामबहादुर थापाले "राज्य व्यवस्था तथा सुशासन समितिको प्रतिवेदन सहितको राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विधेयक, २०७५ माथि छलफल गरियोस्" भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तदुपरान्त राज्य व्यवस्था तथा सुशासन समितिको प्रतिवेदन सहित राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विधेयक, २०७५ माथिको छलफलमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री कृष्णभक्त पोखेल
२. मा० श्री सरिता गिरी
३. मा० श्री दिव्यमणि राजभण्डारी
४. मा० श्री उमाशंकर अरगरिया
५. मा० श्री अतहर कमाल मुसलमान
६. मा० श्री भरत कुमार शाह
७. मा० श्री प्रेम सुवाल
८. मा० श्री रेनुका गुरुङ्ग
९. मा० श्री राम कुमारी झाँक्री
१०. मा० श्री रामबहादुर विष्ट

तत्पश्चात मा० गृह मन्त्री श्री रामबहादुर थापाले छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

त्यसपछि सम्माननीय सभामुखले "राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विधेयक, २०७५" का सम्बन्धमा राज्य व्यवस्था तथा सुशासन समितिको प्रतिवेदनको क्रमसंख्या १ देखि ३९ सम्म उल्लेखित संशोधनहरुलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतिबाट स्वीकृत भयो ।

तदुपरान्त सम्माननीय सभामुखले "राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विधेयक, २०७५" का सम्बन्धमा राज्य व्यवस्था तथा सुशासन समितिको प्रतिवेदनको क्रमसंख्या १ देखि ३९ सम्म उल्लेखित संशोधनहरुलाई विधेयकको अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तत्पश्चात सम्माननीय सभामुखले विधेयकको दफा २ देखि ५६ सम्म "राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विधेयक, २०७५" को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

त्यसपछि सम्माननीय सभामुखले विधेयकको प्रस्तावना र नाम पढेर सुनाउनु हुँदै "राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विधेयक, २०७६" को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तदुपरान्त मा० गृह मन्त्री श्री रामबहादुर थापाले "राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विधेयक, २०७६ लाई पारित गरियोस्" भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट स्वीकृत भयो ।

तदनन्तर बैठक २०७६ साल भदौ १२ गते बिहीबार दिनको १:०० बजे बस्नेगरी दिनको ४:३० बजे स्थगित भयो ।

मनोहरप्रसाद भट्टराई
संघीय संसदको महासचिव